मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्थापना दिवसमा सुत्केरी महिलासँग स्नेहमिलन

हेटौंडा, ८ माघ/ हेटौंडा-७ मिलनचोक आमा समूहले १२ औं स्थापना दिवसको अवसरमा सुत्केरी महिलाहरुको लागि स्नेहमिलन कार्यक्रम गरेको छ ।

समूहले आफ्नो १२ औं स्थापना दिवसको अवसरमा हेटौंडा अस्पतालमा रहेका सुत्केरी महिलाहरुसँग स्नेहमिलन कार्यक्रम गरेको हो । कार्यक्रमअन्तर्गत् हेटौंडा अस्पतालमा रहेका २२ जना सुत्केरी आमाहरुलाई आवश्यक पर्ने प्याड, प्रोटिन पाउडर, डाइपर, एक प्याकेट बिस्कुट र स्याउ वितरण गरिएको समूहले जनाएको छ । आमा समूहको स्थापना दिवसको अवसरमा दोस्रो दिन टोल सरसफाई कार्यक्रम र तेस्रो दिन दीप प्रज्वलन गरेर कार्यक्रम समापन गरिने समूहका अध्यक्ष सावित्री अधिकारीले जानकारी दिइन् ।

### मुख्यमन्त्रीलाई प्रतिवेदन बुझाउँदै कार्यदल

# कतिवटा बन्ला बागमतीमा मन्त्रालय ?

श्रीजना नेपाल

हेटौंडा, ८ माघ/ बागमती प्रदेशमा मन्त्रालयको संख्या निर्धारण गर्न बनेको अध्ययन कार्यदलले आज सोमबार मुख्यमन्त्री शालिकराम जम्मकट्टेललाई प्रतिवेदन बुझाउँदैछ ।

गत पुस २६ गते गठित कार्यदलले प्रदेशमा रहेका मन्त्रालयहरुको अध्ययनपश्चात् मन्त्रालय संख्या निर्धारण गर्दै मुख्यमन्त्री जम्मकट्टेललाई सुझावसहितको प्रतिवेदन बुझाउन लागेको हो । मुख्यमन्त्री जम्मकट्टेलले शपथ ग्रहणलगत्तै पहिलो निर्णय गर्दै मन्त्रालयको संख्या निर्धारण गर्न कार्यदल गठन गरेका थिए ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा जम्मकट्टेलले ५ सदस्यीय कार्यदललाई १५ दिनभित्र प्रदेशको मन्त्रालयहरुको अध्ययन गरेर संख्या निर्धारण गर्दै प्रतिवेदन बुझाउन निर्देशन दिएका थिए । मुख्यमन्त्री जम्मकट्टेलले दिएको १५ दिनको समय आज सोमबार सकिँदैछ । मुख्यमन्त्रीले दिएको समयसिमाभित्र रहेर सोमबार कार्यदलले प्रतिवेदन बुझाउन लागेको जनाइएको छ । कार्यदलले प्रतिवेदन बुझाएपछि सत्तारुढ गठबन्धनभित्र मन्त्रालयको भागवण्डा हुने र मंगलबार वा बुधबार मन्त्रिपरिषद् बिस्तार गर्ने मुख्यमन्त्रीको तयारी छ ।

हाल बागमती प्रदेशमा १४ वटा मन्त्रालय छ । सुरुवातमा ७ वटा मन्त्रालय रहेको बागमती प्रदेशको दोस्रो मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालयबाट स्वास्थ्य मन्त्रालयलाई विभाजन गर्दै ८ वटा पुर्‍याएकी थिइन् । त्यसपछि प्रदेशको तेस्रो मुख्यमन्त्री राजेन्द्र पाण्डेले गठबन्धन दलहरुमा भागवण्डा पुर्‍याउन ८ मन्त्रालयलाई विभाजन गरेर १४ पुर्‍याएका थिए । भागवण्डा पुर्‍याउन मन्त्रालय विभाजन गरेपछि मुख्यमन्त्री पाण्डे र बागमती प्रदेशको देशैभरि आलोचना भयो ।

उक्त समयमा मन्त्रालय विभाजन गर्न मुख्यमन्त्री पाण्डेलाई लिखित सहमति दिएका वर्तमान मुख्यमन्त्री जम्मकट्टेल अहिले कुनैपनि हालतमा मन्त्रालय घटाउनु पर्ने दबाबमा छन् । ५ दलको समर्थनमा मुख्यमन्त्री बनेका जम्मकट्टेल मन्त्रालय घटाउने दबाबसँगै भागवण्डा पुर्‍याउनुपर्ने दबाबमा पनि छन् । त्यसैले उनले बागमती प्रदेशको १४ मन्त्रालयलाई ११ वटामा झार्ने बताउँदै आएका छन् । मुख्यमन्त्री जम्मकट्टेलले विभाजित मन्त्रालयहरुको काम, उनीहरुको प्रभावकारिता र औचित्यको अध्ययन गर्न गठित कार्यदलले हालसम्म प्रतिवेदन बुझाइनसकेको भएपनि ११ वटा मन्त्रालय कायम रहने मुख्यमन्त्री, मन्त्रीहरु र गठबन्धन दलहरुले बताउँदै आएका छन् ।



कार्यदलले सोमबार बेलुका मात्रै मुख्यमन्त्रीलाई प्रतिवेदन बुझाउने तयारी गरेको छ । तर, प्रदेशमा ११ वटा मन्त्रालय कायम रहने विषयमा मुख्यमन्त्रीसहित सत्ता गठबन्धन लगभग निश्चित छन् । मन्त्रालयको अध्ययन गर्न बनेको कार्यदल अध्ययनको चरणमा रहँदा नै मुख्यमन्त्रीसहित मन्त्रीहरुले ११ मन्त्रालय रहने अभिव्यक्ति दिइरहँदा मन्त्रालय संख्या निर्धारण गर्न बनाइएको कार्यदलकै औचित्य नरहेको देखिएको छ ।

यद्यपि आफूहरुले विभिन्न दृष्टिकोणले प्रदेशको मन्त्रालयहरुको अध्ययन गरेको कार्यदल संयोजक मुकुन्दप्रसाद निरौला बताउँछन् । ७ वटा मन्त्रालय हुँदाको कामको चाप, त्यसको प्रभावकारिता र मन्त्रालय विभाजन भएर १४ वटा पुगेपछिको कामको प्रभावकारितालाई तुलना गरेर अध्ययन गरिएको निरौलाको भनाइ छ ।

प्रदेश सरकारको १४ वटै मन्त्रालयहरुको विषयगत रुपमा अध्ययन गरेको उनले बताए । निरौलाले सबै मन्त्रालयको सुक्ष्मरुपमा अध्ययन गर्दा विभाजित केहि मन्त्रालयको काम राम्रो र आवश्यक भएपनि ३ वा ४ मन्त्रालय भने तत्कालको लागि आवश्यक नरहेको उनी बताउँछन् । 'बागमतीमा विभाजन भएर बनेको केहि मन्त्रालयहरु बनेपछि धेरै राम्रो कामहरु भएका छन् । त्यसैले ती मन्त्रालयहरु आवश्यक छ भन्ने हाम्रो भनाइ हो । तर, केहि मन्त्रालय तत्कालको लागि आवश्यक देखिएको छैन', उनले भने । सचिव निरौलाले प्रदेशको उद्योग तथा वाणिज्य मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, सँस्कृति तथा पर्यटन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको काम त्यति उत्कृष्ट नदेखिएको बताए ।

उनले ४ वटा मन्त्रालयहरुलाई काम थोरै भएको मन्त्रालयमा गाभेर खर्च कटौती गर्नुपर्ने बताए । निरौलाले कार्यदलले तत्कालको लागि ४ वटा मन्त्रालय कटौती गर्नुपर्ने अवस्था देखेको भएपनि मुख्यमन्त्रीको चाहाना अनुसार नै मन्त्रालयको संख्या निर्धारण गरेर सुझाव दिइने बताए । 'हामीले अध्ययन गर्दा अहिले १० वटा मन्त्रालयमात्रै आवश्यक देखेका छौं । तर, मुख्यमन्त्रीसँग सल्लाह गरेर उहाँको चाहाना अनुसार १० वा ११ वटा मन्त्रालय कायम गर्न सुझाव दिन्छौं', निरौलाले भने । उनले सरकारको निर्देशनअनुसार नै आफूहरु चल्ने भएकोले सोहिअनुसार मन्त्रालय संख्या निर्धारण गर्न सुझाव दिने बताए ।

कार्यदलले उद्योग, पर्यटन, युवा तथा खेलकुद र सहकारी मन्त्रालय घटाउनुपर्ने निष्कर्ष निकालेको भएपनि मुख्यमन्त्री जम्मकट्टेल सहकारी मन्त्रालय नघटाउने पक्षमा देखिएका छन् । कार्यदलका एक सदस्यका अनुसार मुख्यमन्त्रीले सो मन्त्रालय नघटाउने चाहना राखेपछि सो बोहकको ३ मन्त्रालयमात्रै घटाएर ११ मन्त्रालय कायम गर्न सुझाव दिने तयारी गरेको छ ।

प्रदेशमा रहेको १४ मन्त्रालयमध्ये सहकारी मन्त्रालय सबैभन्दा कम बजेट भएको मन्त्रालय हो । चालू आर्थिक वर्षमा सरकारले यो मन्त्रालयलाई २४ करोडमात्रै बजेट दिएको थियो । मुख्यमन्त्री राजेन्द्र पाण्डेले सहकारीबाट बाहिरिँदा १४ वटै मन्त्रालयबाट भएका कार्यप्रगतिलाई विषयगत रुपमा उल्लेख गरेर सार्वजनिक गरेका थिए । जसमा सहकारी मन्त्रालयको काम सबैभन्दा थोरै थियो । तर, वर्तमान मुख्यमन्त्री जम्मकट्टेलले उक्त मन्त्रालय घटाउन ईच्छा नदेखाएपछि कार्यदलले सो मन्त्रालय पनि राख्नुपर्ने सुझावसहितको प्रतिवेदन दिने सम्भावना रहेको कार्यदलका ती सदस्य बताउँछन् । संयोजक निरौलाका अनुसार कार्यदलले अध्ययन गरेर तयार पारेको प्रतिवेदनबारे सरकारका मन्त्रीहरुलाई जानकारी गराइसकिएको छ । यद्यपि आधिकारिकरुपमा सोमबार प्रतिवेदन बुझाइनेछ ।

कार्यदलको अध्ययनले प्रदेशमा १० वटा मन्त्रालयको मात्रै आवश्यकता देखेको भएपनि मुख्यमन्त्रीको चाहना अनुसार प्रदेशमा ११ वटा मन्त्रालय रहन सक्ने देखिएको छ । जम्मकट्टेललाई विश्वासको मत दिएको नेपाली कांग्रेसबाहेक अन्य ५ दलले मन्त्रालयमा दाबी गरिरहेको छ । उनलाई विश्वासको मत दिएको संसद्को दोस्रो ठूलो दल नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले मन्त्रालयमा दाबी गरिरहेका हुन् ।

बागमती प्रदेशको सत्तारुढ दलहरूमध्ये एमाले सबैभन्दा ठूलो दल हो । सत्ता गठबन्धनको ठूलो दलको बाबजुद पनि केन्द्रीय भागबण्डामा यो प्रदेश माओवादी केन्द्रको भागमा पर्न गयो । बागमतीमा माओवादीभन्दा एमालेको ६ सिट बढी छ । एमालेको २७ सिट हुँदा माओवादीको २१ सिट रहेको छ । सत्तारुढ राप्रपाको १३, एकीकृत समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ सिट छ । बढीमा ११ मन्त्रालय बनाउने तयारी गरे पनि गठबन्धनका दलहरूले बढीभन्दा बढि मन्त्रालय दाबी गरेका छन् ।

बागमतीमा मुख्यमन्त्री छाडेको एमालेले कम्तिमा ५ मन्त्रालय पाउनुपर्ने दाबी गरेको छ । माओवादी केन्द्र पनि ४ मन्त्रालय आफ्नो भागमा हुनुपर्ने अडानमा रहँदा राप्रपाले ३, समाजवादीले २ तथा हाम्रो नेपाली पार्टीले एउटा मन्त्रालय दाबी गरेको छ । तर, यसो हुँदा १४ मन्त्रालय बनाउनु पर्ने देखिन्छ र यो अहिले सम्भव नरहेको गठबन्धनका नेताहरूले बताइसकेका छन् । त्यसैले हाल दाबी गरिरहेका दलहरू आफ्नो दाबीबाट पछि हट्नुपर्ने देखिन्छ ।

प्रदेशमा हाल कायम रहेको मन्त्रालयको संख्या घटाउनु पर्नेमा सबै दल एकमत रहेका छन् । त्यसैले उनीहरू सकेसम्म अर्को पार्टीलाई ब्याक गराएर आफ्नो दाबीअनुसार बढी मन्त्रालय लिने नभए आफैँ पनि पछि हट्ने मनस्थितिमा पुगेका श्रोतले बताएको छ । यसो हुँदा एमाले, माओवादी, राप्रपा र समाजवादीले १/१ मन्त्रालय कम गर्नुपर्ने देखिन्छ । अर्थात् एमाले ४, माओवादी ३, राप्रपा २ तथा समाजवादी र हाम्रो नेपाली पार्टीले १/१ मन्त्रालयमा सहमति गरेको अवस्थामा ११ मन्त्रालय हुन्छ । तर, यो विषयमा एमाले कठोर हुने देखिएको छ ।

ठूलो दलको हैसियत हुँदाहुँदै पनि मुख्यमन्त्री छाड्नुपरेको कारण एमालेले माओवादीलाई ३ मन्त्रालयमात्र दिएर आफू ५ मन्त्रालय लिने लाइनमा रहेको छ । सभामुख र मुख्यमन्त्री सहज छाडेको भन्दै राप्रपा र माओवादीसँग एमालेले ५ मन्त्रालय पाउने अडान कायम गरेको श्रोतको दाबी छ ।

बागमती प्रदेशका १४ मन्त्रालयमध्ये हाल मुख्यमन्त्री जम्मकट्टेलले १३ मन्त्रालय सम्हालिरहेका छन् । पुस २६ गते शपथ ग्रहणलगत्तै २ मन्त्री नियुक्त गरेका मुख्यमन्त्री जम्मकट्टेलले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालयको जिम्मेवारी आफैँले सम्हालिरहेका हुन् । उनले नेकपा एमाले संसदीय दलको नेता जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजनामन्त्री र राप्रपा संसदीय दलको नेता उद्धव थापालाई विना विभागीय मन्त्री बनाएका थिए । त्यसयता बागमती प्रदेशमा मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन ।

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरूले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

## नेपाली दाताको सहयोगमा ७० जनाको आँखाको शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ पहिलोपटक नेपाली दाताको सहयोगमा सामुदायिक आँखा अस्पताल हेटौंडाले ७० जना मोतियाविन्दुका बिरामीहरुको शल्यक्रिया गरेको छ ।

करिब डेढ दशकदेखि आँखा कार्यक्रममार्फत् विभिन्न स्थानमा शिविर सञ्चालन गरेर सेवा दिँदै आएको अस्पतालले पहिलोपटक नेपाली दाताको सहयोगमा ७० जना मोतियाविन्दुका बिरामीहरुको शल्यक्रिया गरेको हो । काठमाडौं महानगरपालिका माघवराज राजभण्डारी र राधिका राज भण्डारीले आफ्नो सपुत्र स्व. आशिष राजभण्डारीको स्मृतिमा निःशुल्क आँखा शिविरको सौजन्य गरेका थिए ।



मकवानपुरको बकैया, हर्नामाडी र बाराको प्रष्टोकामा निःशुल्क आँखा शिविर सञ्चालन गरी ७० जना मोतियाविन्दुका बिरामीहरुको शल्यक्रिया गरिएको थियो । नेपाल आँखा कार्यक्रमका कार्यकारणी सदस्य सिद्धिलाल श्रेष्ठको समन्वयमा श्रेष्ठ दम्पतीले सहयोग गरेका हुन् । अस्पताल प्रमुख डा. थकालीले अस्पतालमा विदेशी दाताहरुबाट सहयोग आइरहेकोमा स्वदेशीहरुबाट अन्धोपन निवारणका लागि सहयोग आउनु खुशीको कुरा भएको बताए ।

७० जनाको शल्यक्रिया खर्चसहित अस्पतालमा हुने भिडियो कन्फरेन्स गर्न आवश्यक उपकरण खरिदका लागि ५ लाख रुपियाँको चेक श्रेष्ठ दम्पतीले हस्तान्तरण गरेको अस्पताल व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिए । यसअघि सधैं विदेशी दाताको सहयोगमा शिविर सञ्चालन हुँदै आएकोमा पहिलोपटक नेपाली दाताको सहयोगमा शिविर र उपचार सम्भव भएको श्रेष्ठको भनाइ छ ।

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# मानव बेचबिखन रोक्न लागौं

चेतनाको कमी, गरिबी र बेरोजगारीका कारण मानव बेचबिखन र ओसारपसार आज बढ्दो क्रममा छ । नेपालका सन्दर्भमा भन्नुपर्दा कानुन कार्यान्वयनमा फितलोपना, भ्रष्टाचार, खुला सीमा आदि कारणले मानिव बेचबिखन र ओसारपसार फस्टाउँदै गएको छ । वैदेशिक रोजगारीप्रतिको मोह, राजनीतिक अस्थीरता र अवसरको खोजीमा सहर पस्ने प्रवृत्तिका कारण पनि मानव बेचबिखन र ओसारपसारको तस्करी बढ्ने कारणहरु हुन् । पैसामुखी प्रवृत्ति र नैतिकताको दासले गर्दा नै मान्छेले मान्छेलाई बेच्ने दुस्साहस गर्छ । आजको मानिस नैतिकतालाई समेत ख्याल नगरी पैसा कमाउनेतर्फ बढी आकर्षित भएको छ । त्यसेले मानवलाई नै बेचबिखनको वस्तुका रुपमा लिन थालेको छ । आज विवेकशिल मानिएको मानव प्राणी पशुसरह बिक्री वितरण भइरहेको छ ।

मानव बेचबिखन र ओसारपसार जस्ता अपराधलाई नियन्त्रण गर्न सर्वप्रथम कानुनी प्रावधान बलियो बनाउनुपर्छ र भएको कानुनको उचित कार्यान्वयन हुनुपर्छ । वर्तमान कानुनमा रहेको कमजोरी सुधार गर्नुपर्छ । आवश्यक परे नयाँ कानुन पनि बनाउनुपर्छ । यस्तो अपराधको सुइँको पाएर सूचना दिने हरेक नागरिकलाई सम्मान गर्न पछि पर्नु हुँदैन । मानव बेचबिखानबाट पीडित मानिसहरुलाई उपयुक्त क्षतिपूर्ति दिलाउने काम सुरु गर्नुपर्छ । पीडितहरुलाई पुनर्स्थापनाका लागि आवश्यक योजनाहरु ल्याउनुपर्छ । रोजगारीको अवसर दिलाउनुपर्छ । पारिवारिक पुनर्मिलन गराउने र समाजमा समायोजन गराउने जस्ता कार्यमा जोड दिनुपर्छ । हरेक सचेत मानिसले मानव बेचबिखन जस्तो अमानवीय दुष्कार्यविरुद्ध लाग्नुपर्छ ।

मानव बेचबिखनसम्बन्धी अपराध गर्ने मानिसहरुलाई निरुत्साहित गर्ने कडा कानुनको व्यवस्थाको साथै त्यस्तो कामको सुइँको दिने व्यक्तिलाई प्रोत्साहित भत्ताको व्यवस्था र गाउँगाउँमा संचेतना अभियान सञ्चालन गर्न उच्चस्तरको संयन्त्र निर्माणको व्यवस्था गर्नुपर्छ । मानवले मानवकै बेचविखन र ओसरपसार गर्नु जघन्य अपराध हो । यस्तो गतिविधि गर्न मतियारको काम गर्ने वा अलिकति पनि यस्तो काम गर्न प्रोत्साहित गर्ने सम्मका मानिसलाई उसको कसुर हेरी सजाय दिने व्यवस्था गर्नुपर्छ । मानव बेचविखन र ओसारपसार गर्ने काम ज्यादै तल्लो स्तरको काम भएकोले त्यसलाई रोक्न सबै पक्ष सक्रिय भएर लाग्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ १० गते मंगलबार २४ जनवरी २०२३ । तृतीया, माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:३६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : घर परिवारमा मेलमिलाप हुनेछ | **तुला** | : मान, प्रतिष्ठा बढ्नेछ |
| **वृष** | : मनमा शङ्का बढ्नेछ | **वृश्चिक** | : कार्यमा सफलता मिल्नेछ |
| **मिथुन** | : सञ्चित धन खर्च हुनेछ | **धनु** | : सहमतिका कार्यहरु हुनेछन् |
| **कर्कट** | : आफन्तले कुरा काट्नेछन् | **मकर** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **सिंह** | : आत्मविश्वास बढ्नेछ | **कुम्भ** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कन्या** | : आफन्तको सहयोग मिल्नेछ | **मीन** | : सन्तानबाट सन्तोष मिल्नेछ |

# विकृत राजनीतिको अर्को पाना



गोविन्द अधिकारी

राष्ट्रपतिको चयनमा राष्ट्रिय सहमति हुँदैन भन्नेमा सन्देह छैन । अहिले नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओलीको हात माथि परेको छ । यस्तो बेला उनलाई सहमति किन चाहियो ? त्यसो त ओलीको ठाउँमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा भएको भए पनि 'राष्ट्रिय सहमति' को आफ्नै अर्थ लगाउने नै थिए ।

मौका पर्नेबित्तिकै पाउनसक्ने जति सबै गुटमुट्याउने बानी नेपालको राजनीतिक 'संस्कार' नै जो बनेको छ । संवैधानिक आयोगहरूमा त इमानदार र उपयुक्त व्यक्ति छान्नुको साटो भागबन्डा गर्ने चलन भएको देशमा यिनै पात्र बाँचुन्जेल प्रवृत्तिमात्र कसरी बदलिन्छ र ?

### एमालेको निर्णयमा सहमति

यसैले ओलीले सहमतिको कुरा गर्ने प्रधानमन्त्री पुष्पकमल दाहाललाई सुनाउनका लागि सञ्चारकर्मीलाई 'एमालेले उमेदवार तोक्छ त्यसैमा सहमति हुनुपर्छ' भनेका हुनुपर्छ । नेपाली कांग्रेसले केही वर्ष यता गरेको 'रणनीतिक भुल' का कारण राजनीति गोलचक्करमा फसेको छ । यसमा ओली वा दाहालको पनि दोष त छ तर उनीहरू उम्कने ठाउँछ ।

लोकतान्त्रिक पद्धतिप्रति कम्युनिस्टहरूले प्रतिबद्धता प्रकट गरेकै छैनन् । अधिनायकवादी शासन उनीहरूको आदर्श हो भनिआएकै छन् प्रत्यक्ष वा परोक्षरूपमा । यसैले स्थिति बसाउने दायित्व कांग्रेसको थियो । कांग्रेस चुक्यो । यही कारणले उसको जनाधार पनि निरन्तर खस्केको हुनुपर्छ ।

### किन चाहिन्छ राष्ट्रिय सहमति ?

प्रसङ्ग राष्ट्रपति निर्वाचनको भएकाले अहिले अरू विषय थाती राखौं । देश लामो समयसम्म संक्रमणमै रहेको छ । विशेषगरी संक्रमणकालीन न्याय थाती रहेको छ । न्याय यसरी ढिलो हुनु न्याय नहुनु नै त हो । संक्रमणका नाममा राज्यको ढुकुटीको चरम दोहन गरियो । सत्तामा हुनेहरूले 'न्याय नखोज नगद लैजाऊ' भने । धेरै पीडित अलमलमा परे । तर, न्याय किनबेचको विषय बन्न सक्तैन । त्यसमाथि मानवताविरुद्धको अपराध त झन् अन्तर्राष्ट्रिय क्षेत्राधिकारभित्र पर्छ । देशभित्रै सक्षम अदालतबाट न्याय निरुपण भएन भने अन्तर्राष्ट्रिय समुदाय बिच्किन सक्छ ।

### पश्चिमको अनुमोदन

अन्तर्राष्ट्रिय समुदाय भनेको पश्चिमका लोकतान्त्रिक मुलुक नै हुन् अहिलेसम्म । चीन, रुस, कम्बोडियाले मानेर त न्याय निरूपण भएको मानिदैन । भारतले मानेर पनि हुँदैन । अहिलेसम्म पनि पश्चिममा चिनिएको नेपालको लोकतान्त्रिक शक्ति नेपाली कांग्रेस नै हो । यसैले कांग्रेसको सहमतिविना संक्रमणकालको अन्त्य गरिएको घोषणा गरिए 'अन्तर्राष्ट्रिय समुदाय'ले अनुमोदन गर्नेछैन । संक्रमणकालीन न्यायको पनि मुख्य सरोकारवाला प्रधानमन्त्री दाहालले यसको चुरो नबुझेका पक्कै छैनन् । र, सकेसम्म छिटो संक्रमणको अन्त्य होस् भन्ने चाहना पनि अरूलाईभन्दा बढी हुनु उनैलाई स्वाभाविकै हो । यसैले दाहालले कांग्रेससमेतको सहमतिमा राष्ट्रपतिको चयन होस् भन्ने चाहनु झन् बढी स्वाभाविक हो ।

### पारदर्शी भए पो सहमति

अहिले कांग्रेसहरू दाहाल र देउवाबीच कांग्रेसको उमेदवारलाई राष्ट्रपति बनाउन सहमति भएको भान पार्न खोजिरहेका छन् । दाहाललाई 'धोका' नदिएको भए कांग्रेसले आफ्नो पार्टीकै अझ देउवा गुटकै कुनै नेतालाई उमेदवार बनाउन सक्थ्यो । त्यस्तो उमेदवार 'विद्यादेवी भण्डारी - २.०' नै हुनेथियो । अहिले दाहालले आँट्ने हो भने असल र योग्य व्यक्तिलाई राष्ट्रपति बनाएर संक्रमणको अन्त्य गर्ने मौका पाएका छन् । तर, त्यस्तो सहमति एमालेसहितको हुनुपर्छ । अँध्यारो कोठामा लेनदेन गरेर होइन पारदर्शीरूपमा हुनुपर्छ ।

### कुतर्क सुरू भइसक्यो

जुन पदमा निर्वाचित हुनेबित्तिकै राजनीतिक दलसँगको संलग्नता छाड्नुपर्छ त्यस्तो पदमा दलको सदस्य नै चाहिन्छ वा गैरदलीय व्यक्ति उमेदवार बनाउनु दलप्रति विश्वासको कमी हुन्छ भन्नु कुतर्क हो । एमालेका नेताहरूले यस्तो कुतर्क सुरु गरिसकेका छन् ।कांग्रेसमा दल त के गुटभन्दा माथि उठ्न सक्ने नेता भए पनि अल्पमतमा हुन्छन् । गणतन्त्रपछि नेपाली कांग्रेसका महामन्त्री र एमालेकी उपाध्यक्ष राष्ट्रपति बनाइए । दुवैको कार्यकाल विवादरहित हुनसकेन । दुवै नेता दलको मोहबाट माथि उठ्न सकेनन् । यद्यपि, विद्यादेवी भण्डारीले झैँ संविधानको अक्षर र भावना पटकपटक मिच्ने दुस्साहस भने डा. रामवरण यादवले गरेनन् ।

### सबैले सम्मान गर्ने साझा व्यक्तित्व

सके त सबै दलका नेताले सम्मान गर्नसक्ने विख्यात, इमानदार कुनै विद्वान्लाई राष्ट्रपति बनाउने सहमति गरे हुनेथियो । अहिलेसम्म उपत्यकाले कुनै पनि उच्च पद पाएको छैन । यसपटक यहाँका नेवारलाई राष्ट्रपति बनाए गणतन्त्रकै पनि सम्मान हुनेथियो । तर, एमाले आफ्नो दलको नेताबाहेक अरूलाई राष्ट्रपति बनाउन नमान्ने संकेत देखिइसकेको छ । एमालेभित्र पनि ओलीकै भक्त हुनुपर्ने सर्त होला । राष्ट्रपतिमा त अझ शुद्ध ओलीवादी अर्थात् 'विद्या भण्डारी-२' को खोजी होला । सरकारले पठाएको अध्यादेश वा कानुनसमेत ओलीको इसारामा रोक्नसक्ने आँटिलो व्यक्ति चाहियो नि ! अनि कताको राष्ट्रिय सहमति !

### ओलीको शक्ति

ओली बिच्के भने सरकार गिर्न बेर लाग्दैन । कारण, राजेन्द्र लिङ्देन र रवि लामिछानेले दाहाललाई ओलीको नेतृत्वमा समर्थन गरेका हुन् । उनीहरूको पार्टी फरक भए पनि विचार र प्रवृत्तिमा धेरै समानता पनि छ । लिङ्देन त ओलीले काखी नच्यापे चुनावै जित्दैनन् । आफ्नै कारणले पनि उनी ओलिको विपक्षमा जान सक्तैनन् । राष्ट्रिय स्वतन्त्र पार्टीका युवा सांसद वैचारिकरूपमा उदार अनुदार कुन धारका हुन् अझै थाहा हुनसकेको छैन । तर, उनीहरूमा लोकतन्त्रका लागि विद्रोह गर्ने आँट होलाजस्तो देखिएन । मधेस केन्द्रित दलहरूमा उपेन्द्र यादवबाहेक अरू भने उदार लोकतन्त्रका पक्षमा एकत्रित हुनसक्छन् । तर, 'सत्ता बहुत कमिनी चिज है !'

### ओलीको मुठीमा दाहालको "प्राण"

उता ओली दाहाललाई प्रधानमन्त्रीको पगरी गुथाइदिएबापत आफ्नै 'मुठी'मा राख्न चाहन्छन् । ओली आफूलाई अरूभन्दा 'कति माथि' ठान्छन् भन्नेमा त दाहाल नै भुक्तभोगी छन् । दाहालको सरकारमा रास्वपा र राप्रपा ओलीका 'हुकुमका एक्का' हुन् । तिनको निष्ठा दाहालप्रति नभएर ओलीतिर छ । ओलीको मुठीबाट उम्कन खोजे भने दाहालले देउवाको साथ पाउन सक्छन् भनेर ढुक्क हुन भने सायद सक्तैनन् । यसैले दाहाल सबैभन्दा अप्ठेरोमा देखिन्छन् । प्रधानमन्त्री दाहालले यो गोरखधन्दा बुझेका छन् । साथै उनले ओली, रवि, राजेन्द्रहरू देशमा अनुदार परम्परावादी शक्ति निर्माणमा लागेको पनि पक्कै बुझेको हुनुपर्छ । यति पनि नबुझ्ने देउवा जति 'हुस्सु' त पक्कै नहोलान् ।

### अनुदार शक्ति निर्माणको चरणमा

परिस्थिति यस्तै रहे अर्को चुनाव उनीहरू मिलेर लड्नेछन् । 'राष्ट्रवादका नाममा'मुलुकको ' स्थायी संस्थापन' एउटा बलियो अनुदार शक्ति तयार गर्न लागिपरेको अनुमान पनि दाहालले गरेकै होलान् । (संस्थापनको असहयोग कति प्रभावशाली हुन्छ भन्ने त अगिल्लो सरकारलाई विशेषगरी तत्कालीन अर्थमन्त्रीलाई राष्ट्रबैंकका गभर्नरले पारेको अप्ठेरोले पनि बुझाएकै हुनुपर्छ ।)

राउतलाई शंकाको सुविधा दिए पनि लामिछाने र लिङदेन माओवादी केन्द्रसँग मिलनसक्ने ठाउँ धेरै नहोला । वैचारिक धरातलविना सत्ताका कारणले मात्रै बनेको सम्बन्ध टिक्न सक्तैन । यसैले उनीहरूलाई राष्ट्रपति सबैको साझा होइन एमालेको उमेदवार नै चाहिएको हो । अहिलेको गठबन्धन दाहालका लागि पनि 'छुचुन्द्रो र सर्पको कथा' नै हुनेभयो ।

ओलीको पछि लागे अनुदार शक्ति बलियो बनेर माओवादी केन्द्रले उठाएको दाबी गरेको संघीयता, धर्मनिरपेक्षता, गणतन्त्रजस्ता 'उपलब्धि' कमजोर हुने अनि ओलीको साथ छाडे सरकारबाटै हट्नुपर्ने अवस्था अहिले नै देखिई जो सक्यो । नेपालको विकृत राजनीतिको अर्को पाना पल्टिइसक्यो । हेरौं, के के लेखिएको छ !

र अन्त्यमा,

आफू प्रधानमन्त्री छँदा ओली कथित 'उच्चस्तरीय राजनीतिक संयन्त्र'को नाम पनि सुन्न चाहँदैन थिए । अहिले उनलाई आफू सरकारभन्दा माथि भएको देखाउनैका लागि पनि त्यस्तो संयन्त्र नभई भएन ।

यस्तो संयन्त्र आफैँमा गैरसंवैधानिक शक्ति केन्द्र बनाउने अभ्यास हो । प्रधानमन्त्री दाहाल मुठीबाट उम्कन खोजे भने 'दन्त्यकथामा खम्बाट निस्केको भमरा' बनाउन ओलीलाई सजिलो बहाना बन्नेछ । अहिले ओलीको 'प्रोक्सी'सरकार चलाउने कि आफूलाई जोगाउने ?

*(साभार: बाह्रखरी)*

# नयाँ सरकारका प्राथमिकता

विश्वम्भर प्याकुर्‍याल

नयाँ सरकार गठनपश्चात् विभिन्न मन्त्रीबीच चाँडो प्रतिफल देखिने कार्यहरूमा प्रतिस्पर्धा चलेको देखिन्छ जुन राम्रो लक्षण त हो, तर निश्चित मापदण्डसहितको कानुनी संरचना निर्माण नगरी तदर्थ निर्णय लम्बिएमा यो धेरै समय टिक्न सक्दैन । 'हिँड्दै छ, पाइला मेट्दै छ' भनेझैं, सरकार परिवर्तन हुनासाथ सुरु गरिएका कामहरूले स्थायित्व लिन मुस्किल छ ।

हाम्रो अर्थतन्त्रसँग यति खेलबाड भइसक्यो, परीक्षणमै समय लम्ब्याउँदा आन्तरिक र बाह्य झट्का थेग्न सक्ने सामर्थ्य झन्-झन् घट्दै गएको छ । हामीले छोटो र लामो समयका लागि बहुआयामिक दृष्टिकोणमा आधारित कार्यान्वयन हुन सक्ने खाका तयार गर्नुपर्ने हुन्छ ।

चीनमा ६० वर्षपछि जन्मदरलाई मृत्युदरले उछिन्न लागेको छ । न्युयोर्क टाइम्समा ब्रेट स्टिफन्स लेख्छन्- माओको कमजोर आर्थिक नीतिले गर्दा भोकमरीका कारण ३ करोड ६० लाख चिनियाँको मृत्यु भयो । मृत्युदरले जन्मदर लाई उछिन्नु राम्रो संकेत हैन ।

घट्दो जनसंख्या र ओरालो लागेको आर्थिक अवस्थाबीच गहिरो सम्बन्ध हुन्छ । सामान्यत: जनसंख्या १ प्रतिशत विन्दुले घट्दा आर्थिक वृद्धिमा पनि १ प्रतिशत विन्दु गिरावट आउँछ । चीनमा यो शताब्दीको मध्यसम्म काम गर्ने उमेर समूहका ७० करोड व्यक्ति घट्ने आकलन गरिएको छ । यस्तै हो भने चीनमा धनी हुनुअघि नै मान्छे बूढो भैसक्छ । झन्डै चार दशकदेखि विश्वबजारमा आधिपत्य जमाइर हेको मुलुकको यस्तो स्थिति विश्वव्यापी आर्थिक स्थायित्वका लागि सुखद समाचार हैन । तथ्यांकबाट पनि थाहा हुन्छ, सन् २०१८ मा चीनमा महिलाभन्दा पुरुष ३ करोड ४० लाख बढी थिए । एक-सन्तान-नीतिले गर्दा एउटा सन्तान छोरै होस् भन्ने चाहना राखी स्त्री भ्रूणहत्या हुँदै आएकाले त्यस्तो अवस्था उत्पन्न भएको हो । नेपालमा पनि जनसांख्यिक संरचनामा देखिन थालेका परिवर्तनहरूलाई अध्ययन गरेर अविलम्ब नीति निर्माण गर्नुपर्ने आवश्यकता छ । विश्वमा आएका संकट र तिनको समाधानमा अवलम्बन गरिएका उपायहरूको सूक्ष्म अध्ययन गरी केही नीति तर्जुमा गरिहाल्नुपर्छ ।

विश्व बैंकको तथ्यांक अनुसार, नेपालको ७० प्रतिशत जनसंख्या ३५ वर्षमुनिको छ । रोजगारी सम्बन्धी उचित नीतिको अभावमा, यस्तो उत्पादनशील जनसंख्यालाई श्रमिक बनाएर भाग्य अजमाउन बाह्य मुलुक पठाउनेतर्फ सहजीकरण गर्नुबाहेक केही हुन सकेको छैन । गुणात्मक शिक्षा र व्यावसायिक प्रशिक्षणमा पहुँच बढाएर, रोजगारी सृजना र उद्यमशीलतामा सीप विकास गर्न सक्षम मुलुकहरूले आर्थिक विकास गर्न सकेका छन् । उत्पादनशील जनसंख्यालाई तुरुन्तै 'वर्कफोर्स' मा समाहित गर्न मुस्किल हुन्छ । संसारभरि लगानी प्रवर्द्धन र रोजगारी सृजनाका लागि निर्माण, पर्यटन र कृषि क्षेत्रलाई प्राथमिकता दिने गरिएको छ । हाम्रा लागि पनि यिनै क्षेत्र उच्च प्राथमिकतामा हुनुपर्छ । अझ हामीकहाँ उद्यमशीलताको विकास र साना तथा मझौला उद्योगको अभिवृद्धिमा थप समय खर्च गर्न सके कुल गार्हस्थ्य उत्पादनमा ठूलो टेवा पुग्ने देखिन्छ ।

हामीकहाँ थुप्रै विकास सम्बन्धी समस्या दीर्घरोगका रूपमा छन्, जसको निदानका लागि युद्धस्तरीय कार्यक्रमको आवश्यकता छ । साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणले अहिले उब्जिएका समस्याहरूको चाँडो समाधान खोज्नुपर्छ । उदाहरणका लागि, अहिले मुद्रास्फीति खासै नियन्त्रणमा आउन नसके पनि निजी क्षेत्र र राजनीतिक दबाबका कारण वाणिज्य बैंकले ब्याजदर वृद्धि गर्ने निश्चय गरेको छ । यसबाट उब्जिने समस्या र निदानबारे केही लेख्नैपर्ने हुन्छ ।

मुद्राको क्रयशक्तिमा बढ्दो ह्रासका कारण जनजीवन प्रभावित भएको छ । राजनीतिक अस्थिरता कायमै रहेको अवस्थामा कर वृद्धि गर्न र सरकारी खर्च बढाउन त्यति सजिलो हुँदैन । अहिले आर्थिक अनिश्चितता छ । व्यापारी र उपभोक्ताहरू लगानी र खर्च गर्न हतोत्साहित भएका छन् । त्यसैले सरकारले चाहेजस्तो गरी अर्थतन्त्रलाई 'स्टिमुलेट' गर्ने योजनामा सजिलै सफलता हासिल गर्न सक्दैन । ऋणको लागत बढ्दै गएकाले सरकारको सार्वजनिक खर्च वृद्धि र बढ्दो ऋणभार वहन गर्ने क्षमतामा ह्रास आएको छ । गठबन्धनमै रहेका राजनीतिक दलहरूबीच पनि व्यक्तिगत स्वार्थका कारण ससाना कुरामा मतभिन्नता उब्जिरहनाले चाहेको र आवश्यक परेको बेला ऐन-कानुन तर्जुमा र कार्यान्वयनमा अप्ठेरो परिरहने देखिन्छ ।

लामो समयदेखि सरकारप्रति जनविश्वास घटिरहेकाले प्रस्तावित सुधार कार्यक्रममा जनसमर्थन जुटाउन गाह्रो हुने गरेको छ । उपलब्ध विकल्पको गुण-दोषको राम्रो मूल्यांकन गरेर जनतामा त्यसको प्रभाव के पर्छ र कसरी प्रस्तावित सुधारहरू जनचासो र प्राथमिकतामा पर्न सक्छन् भन्नेबारे गृहकार्यको आवश्यकता हुन्छ । समस्याको समाधान त्यति सरल नभए पनि निम्नलिखित उपायबारे विचार-विमर्श गर्न सकिन्छ-

१. ब्याजदर घटाउँदा पनि सरकारले उत्पादनशील क्षेत्रमा खर्च वृद्धि गर्न सके आर्थिक वृद्धिमा सहयोग पुगेर कुल माग (एग्रिगेट डिमान्ड) बढ्दा मद्रास्फीति नियन्त्रण हुन सक्छ । केही विकासोन्मुख र धेरै विकसित मुलुकले हालसालै यसरी नै मुद्रास्फीति नियन्त्रणमा सफलता पाएका छन् ।

२. अहिले करको दर वृद्धि गर्न सकिने अवस्था नभएकाले केन्द्रीय बैंकले मुद्रा आपूर्ति र मुद्रास्फीति नियन्त्रण गर्न रिजर्भ रिक्वायर मेन्टलाई परिवर्तन गर्न सक्छ ।

३. नेपालको बजारमा अनियन्त्रित मूल्य समायोजनको कुनै सीमा देखिन्न । यस्तो गैरजिम्मेवारीपूर्ण अवस्थामा प्रभावकारी नियमन हुन सके पनि मुद्रास्फीति नियन्त्रण गर्न सकिन्छ ।

४. 'फिस्कल स्पेस' लाई दृष्टिगत गरी सरकारले खर्च वृद्धि गर्न ऋण बढाउँदा मुद्रा प्रवाहसँगै एग्रिगेट डिमान्ड बढेपछि मुद्रास्फीतिमा नियन्त्रण गर्न सम्भव हुन्छ ।

५. निर्यातयोग्य उत्पादन क्षेत्र उत्पादनशील र स्वास्थ्यकर हुन सकेको भए मुद्रा अवमूल्यन गर्दा निर्यातमा वृद्धि भई आयात घटेर मुद्रास्फीति नियन्त्रण हुन सक्थ्यो । हाल हाम्रो अर्थतन्त्रमा त्यो सम्भावना देखिँदैन ।

केही संकटग्रस्त अर्थतन्त्रमा बजार सुधार, निजीकरण, विनियमन (डिरेगुलेसन) गरेर संरचनात्मक सुधार ल्याउँदा अलिक समयको अन्तरालपछि उत्पादन वृद्धि भएर मुद्रास्फीति नियन्त्रण भएको देखिएको छ । त्यसैले के अब ब्याजदर घटाउनुअघि नै केही उपलब्ध मौद्रिक र वित्तीय औजार सम्बन्धमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकले साझेदार संस्थाबीच व्यावसायिक छलफल गर्ने औचित्यलाई महसुस गर्लान् त ?

हामीले राम्रो कामको थालनी गर्ने हो भने लिनैपर्ने निर्णयको लामो सूची तयार गर्न सकिन्छ । उदाहरणका लागि, मुद्रास्फीतिको भार कम गर्दै सार्वजनिक खर्चमा नियन्त्रण गर्न सकिने वित्तीय र मौद्रिक नीति तर्जुमा गर्ने, व्यावसायिक वातावरणमा सुधार ल्याएर भ्रस्टाचार नियन्त्रण तथा नोकरशाहीको जटिलतामा न्यूनीकरणका लागि नियमनको प्रक्रियागत सुधार गर्ने, उत्पादकत्व अभिवृद्धि तथा प्रतिस्पर्धालाई बढावा दिन भौतिक पूर्वाधार र मानव पुँजीको विकास गर्ने, वैदेशिक पुँजी वृद्धि गरेर रोजगारी सृजना गर्न पर्यटन प्रवर्द्धन गर्ने तथा कृषि र निर्माण क्षेत्रको संवर्द्धन गर्ने, वैदेशिक लगानी बढाउन करमा छुट तथा लगानीकर्तालाई वैदेशिक लगानी तथा प्रविधि स्थानान्तरण ऐन (फरेन इन्भेस्टमेन्ट एन्ड टेक्नोलोजी ट्रान्सफर एक्ट) अन्तर्गत दिन सकिने प्रोत्साहनलाई ग्यारेन्टी गर्ने, बढ्दो व्यापार घाटा न्यूनीकरण गर्न वस्तु र सेवाको गुणात्मक सुधार गरी निर्यात बढाउने एवं अन्तर्राष्ट्रिय बजार विविधीकरण गर्ने, प्रस्तावित प्रत्येक क्षेत्रमा सुशासन र पारदर्शिता कार्यान्वयन गर्ने तथा निजी क्षेत्रको संलग्नतामा सरकार-निजी क्षेत्र भागीदारी (पब्लिक-प्राइभेट पार्टनरसिप) लाई अनिवार्य गरी विकासमा साझेदारीको संस्कृति प्रारम्भ गर्ने । मन्त्री र प्रशासनयन्त्रबीच समन्वय भए जनताका अपेक्षा क्रमिक रूपमा पूरा हुन सक्ने देखिन्छ ।

अनुसन्धाताहरू दातृ निकायका लागि प्रस्तावित समयभित्र अनुसन्धान पूरा गर्न सन्दर्भ-सर्त (टर्म्स अफ रेफरेन्स : टीओआर) का आधारमा अघि बढ्ने गर्छन् र यत्रो उत्साह-उमंग लिएर बनेको गठबन्धनको सरकारले पनि आफूलाई ट्र्याकमा ल्याउन यही उदाहरण पछ्याउनुपर्छ । कर्मचारीहरूले काम नठगून् भन्ने मनसायले टाइम कार्डको व्यवस्था सुरु गर्न लागिएको खबर सार्वजनिक भएको छ । मन्त्रिपरिषद्ले पनि आफूलाई चुनेर पठाएका मतदाताहरूप्रति जिम्मेवार हुन कमसेकम 'टीओआर' अनुरूप काम अघि बढाउने नीतिगत निर्णय गर्न सके भविष्यमा जिम्मेवार मन्त्रीले आफू पदमा रहन पाउँछु कि पाउन्नँ भन्ने कुरा पहिल्यै थाहा पाउन सक्छन्, कार्यसम्पादन मूल्यांकनका आधारमा । टीओआरको मस्यौदा तल लेखिएजस्तो बनाउन सकिन्छ-

१. समष्टिगत रूपमा काम केकस्ता हुन् भन्ने खुट्याई ती काम सम्पादन गर्न राज्यले लिएका प्राथमिकता अनुरूप खाका तयार पार्ने ।

२. जिम्मा लगाइएको पोर्टफोलियोको निश्चित उद्देश्य के हो र त्यो उद्देश्यपूर्ति भएपछि सम्बन्धित मन्त्रीले कस्तो नतिजाको आशा गरेका छन्, निश्चित हुने ।

३. मन्त्रीपिच्छे दिइने निश्चित जिम्मेवारी तथा कार्यक्षेत्र निर्क्योल गरी त्यसलाई कार्यान्वयनमा ल्याउन आवश्यक ऐन-कानुन तथा समय परिस्थिति अनुसार त्यसमा संशोधन आवश्यक भए सम्बन्धित निकायमा प्रस्ताव गर्ने ।

४. मन्त्रीले आफ्नो तहबाट निर्णय गर्न सक्ने अधिकार, यसका लागि छुट्याइएको बजेट खर्च थप घट गर्न सक्ने दायरा र दायित्वबारे प्रस्ट नीति तर्जुमा गर्नुपर्ने ।

५. मन्त्रीहरू आफ्नो प्रगति प्रतिवेदनको समयावधि र जिम्मेवारीबारे प्रस्ट हुनुपर्ने । किनभने, विगतमा गठबन्धन सरकारका मन्त्रीहरू आफ्नो दलका अध्यक्ष र प्रधानमन्त्रीमध्ये कोप्रति बढी उत्तरदायी छन् भन्नेबारे जहिल्यै विरोधाभास देखिएको छ ।

६. तोकिएका कार्यक्षेत्रको जिम्मेवारी भित्रै रही मन्त्रीहरूबाट सरकार र जनताले गरेको आशा के हो भन्नेबारे जानकारी गराउनुपर्ने ।

७. सम्पूर्ण जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्न मन्त्रीहरूलाई चाहिने अत्यावश्यक जनशक्ति र स्रोत समयावधिभित्रै उपलब्ध गराउनुपर्ने ।

८. प्रधानमन्त्रीले मन्त्रीहरूका प्रगति विवरणमाथि व्यक्तिगत अथवा सामूहिक तवरले छलफलका लागि समय निश्चित गरेर अग्रिम रूपमा जानकारी गराउनुपर्ने ।

यी सबै कार्य अघि बढ्न सके मन्त्रीहरूले आफ्नो निरन्तरता हुन्छ अथवा कार्यभारबाट मुक्ति पाइन्छ भन्ने कुरा अगाडि नै पाउन सक्नेछन् । राम्रो नतिजा देखाउने र साधनस्रोत हुँदाहुँदै पनि केही गर्न नसक्ने मन्त्रीहरूका लागि क्रमश: प्रोत्साहन र दण्डको व्यवस्था गर्नु आवश्यक छ । यस्तो कार्यले केही हदसम्म विगतमा सरकारले गुमाइसकेको जनविश्वास पुन: पाउन सक्छ ।

*(साभार: ई-कान्तिपुर)*

# निर्माणको सिजनमै गिट्टी-बालुवा अभाव, फेरि गुपचुप खुल्लान् क्रसर ?



काठमाडौं/पुससम्म ठप्प जस्तै रहेको निर्माण क्षेत्रले केही गति लिन थालेको बेला ढुंगा गिट्टी बालुवाको हाहाकार भएको छ । अन्य निर्माण सामग्रीको मूल्य घटेर निर्माणको वातावरण बनेकै बेला २० पुसमा गृह मन्त्रालयले अवैध रुपमा चलिरहेका क्रसरहरु बन्द गर्न निर्देशन दिएको थियो ।

गृह मन्त्रालयले दर्ता र नवीकरण नभएका क्रसर उद्योग बन्द गर्न निर्देशन दिएपछि देशभरै जिल्ला प्रशासन कार्यालयहरूले अवैध रुपमा चलिरहेका अधिकांश क्रसर बन्द गरेका छन् । ओसारपसारमा पनि कडाइ गरिएको छ ।

यसका कारण निर्माणको मुख्य सिजनमै निर्माण उद्योगले सास्ती बेहोरेको छ । ठेकेदारहरूले काममा ढिलाइ गर्दै भेरियसनमार्फत ठेक्काको मूल्य (लागत) बढाउने बाहनाबाजी पनि पाएका छन् ।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रबि सिंहका अनुसार अहिले अधिकांश निर्माण कार्य गिट्टी, बालुवाको अभावमा ठप्पजस्तै छन् ।

चालु आर्थिक वर्षको साढे ६ महिना बित्न लाग्दा सरकारको पूँजीगत खर्च १४.६७ प्रतिशतमा सीमित छ । ३ खर्ब ८० अर्बको पूँजीगत बजेट छुट्याएको सरकारले शनिबारसम्म बल्ल ५५ अर्ब ७९ करोड रुपैयाँ खर्च गर्न सकेको छ । गत वर्ष यो अवधिमा यस्तो खर्च १३ प्रतिशत थियो ।

यो निर्माणको काम गर्ने मुख्य सिजन हो । तर, यही बेला विकासे आयोजनाहरूलाई ठेकेदार कम्पनीले ढुंगा, गिट्टी र बालुवा किन्न र ओसारपसार गर्न सरकारले रोक लगाएको भन्दै तोकिएको समयमा निर्माण सम्पन्न हुन नसक्ने जानकारी गराउन थालेका छन् ।

काम रोकिएको र त्यसको जिम्मेवार सरकार नै हुने भन्दै निर्माण कम्पनीले लिखित रुपमै आयोजनाहरुसँग दाबी, क्षतिपूर्ति र हर्जाना दावी पनि गर्न थालेका छन् ।

सुस्त भएपनि काम भइरहेका काठमाडौं उपत्यकादेखि लिएर प्रमुख विकासे आयोजनाहरु प्रभावित भएका छन् । सडक विभागदेखि शहरी विकास तथा भवन निर्माण विभाग, सिँचाइ विभाग, खानेपानी तथा ढल निकास विभाग, नेपाल विद्युत प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, स्थानीय पूर्वाधार विभागसहित प्रदेश सरकार र स्थानीय सरकारका निकाय र त्यसअन्तरगतका आयोजनाहरुमा ठेकेदार कम्पनीले ढुंगा, गिट्टी र बालुवा अभाव देखाउँदै काम रोकेका छन् ।

सडक मर्मतदेखि सुरुङमार्ग निर्माण सम्मका कामहरु पनि प्रभावित भएका छन् । सडक विभागका महानिर्देशक अर्जुनजंग थापाका अनुसार प्रहरीले रोकेका कारण एक ठाउँमा ल्याएर थुपारिएको विभाग र ठेकदारहरुको क्रसरजन्य सामग्री अर्को ठाउँमा लैजान समेत सकिएको छैन ।

आर्थिक वर्षको सुरुवाति महिना कार्तिक र मंसिरमा सुस्त रहेको निर्माण व्यवसायमा पुस लागेसँगै केही जुर्मराएको थियो । तर, पूँजीगत खर्चको दर बढ्दै गर्दा आएको यो संकटले पूँजीगत खर्चको दर घट्ने चिन्ता सरकारी आयोजनाहरुको छ ।

नेपाल निर्माण व्यवसायी महासंघले ठेकेदार समेत रहेका सहरी विकास मन्त्री विक्रम पाण्डेलाई सिंहदरबारस्थित कार्यकक्षमै भेटेर निर्माण उद्योगको यो समस्याबारे ध्यानाकर्षण गराएको छ ।

मन्त्री पाण्डेले निर्माण उद्योगमा देखिएको समस्याबारे आफू जानकार रहेको बताउँदै क्रसर उद्योग सञ्चालनमा देखिएको समस्या समाधान गर्ने विषयमा मन्त्रिपरिषदमा सकारात्मक छलफल भएको बताएका छन् । उनले चाँडै निकास निस्किने बताएकाले अवैध क्रसरहरुलाई फेरि कुनै योजना र तयारी अवैध भन्दै बन्द गराउने र गिट्टी-बालुवा अभाव भएपछि त्यसकै आडमा गुपचुप तरिकाले चल्न दिइरहने विगतकै कार्यशैली दोहोरिने अवस्था आउने सम्भावना छ ।

विगतमा पनि सरकारले पटक-पटक दर्ता र नवीकरण नभएका क्रसर बन्द गर्दै समयक्रममा समस्या परेको भन्दै अपारदर्शी रुपमै चल्न दिने गरेको थियो । यसपटक गृहमन्त्री रबि लामिछानेले पनि पुरानै शैलीमा क्रसर बन्द गराएका छन् । तर, कहिलेबाट, कुन शर्तमा कहिलेदेखि खुल्न दिने वा मापदण्ड पुरा नगरेसम्म खुल्नै नदिने भन्नेबारे उनको धारणा स्पष्ट भएको छैन ।

**"वातावरण बन्दै गर्दा समस्या"**

व्यवसायीहरु भने निर्माणको वातावरण बन्दै गरेको बेला क्रसर बन्द गराउने सरकारको निर्णय प्रत्युत्पादक हुने बताउँछन् । पछिल्ला दिनमा बजारमा इँटा, सिमेन्ट, बालुवा, गिट्टी, डण्डी र सिमेन्टको माग बढिरहेको थियो ।

नेपाल इटा उत्पादक संघका निवर्तमान अध्यक्ष महेन्द्र चित्रकारकाअनुसार विगतको तुनामा व्यापारमा क्रमिक वृद्धि भएको छ । अहिले इँटा व्यवसाय ४० प्रतिशत हाराहारीमै सीमित रहेको र अझै निर्माणले गतिलिने आशमा व्यवसायीहरुले इँटा उत्पादनका लागि थप काम अघि बढाएको चित्रकारले बताए ।

'अलि पहिलेको तुलनामा बजारले विस्तारै गति लिन थालेको छ । माग बढेको छ,' चित्रकारले भने, 'माग अझै बढ्ने आशामा उद्योगीहरु थप उत्पादनमा लाग्नु भएको छ ।'

भूकम्पपछिको अवस्थाको तुलनामा बजार निकै खस्केको भए पनि केही पहिलेको मन्दीमा सुधारको संकेत देखिएको उनले बताए । संघकाअनुसार बजारमा अहिले औसत १० देखि २० रुपैयाँ प्रतिगोटामा इटाको बिक्री भइरहेको छ ।

काठमाडौं उपत्यकामा इटा बिक्री गर्ने गंगा श्री सप्लाइ कम्पनीकाअनुसार काठमाडौंमा अहिले एक एक नम्बर इटाको मूल्य प्रतिगोटा १५ रुपैयाँ पर्छ । यस्तै २ नम्बरको इँटाको मूल्य १३ रुपैयाँ पर्छ । यो मूल्य ढुवानी भाडासहितको मूल्य भएको कम्पनीले जनाएको छ ।

बजार सुस्त भएका कारण इँटाको मूल्य दुई महिना अघिको तुलनामा केही घटेको हो । यही मंसिर पहिलो सातासम्म इँटाको मूल्य एक नम्बरको १६ रुपैयाँ ५० पैसा, र दुई नम्बरको १५ रुपैयाँ प्रतिगोटा थियो । कम्पनीकाअनुसार सरकारले अवैध क्रसर बन्द गर्न निर्देशन दिएपछि अहिले गिट्टी र बालुवा भने अभाव सिर्जना भएको छ । केही दिनदेखि काभ्रे, धादिङ, मकवानपुर लगायतका क्षेत्रबाट काठमाडौंका मुख्य सहरका निर्माण क्षेत्रमा ढुंगा, गिट्टी र बालुवाको व्यापार ह्वात्तै घटेको छ ।

उत्पादन र ओसारपसारमा आएको समस्याका कारण मूल्यमा एक रुपता हुन नसके पनि अघिल्लो सातासम्म एक टिपर बालुवाको मूल्य २५ हजार रुपैयाँमा तोकिएको थियो । यस्तै तयारी गिट्टीको मूल्य प्रतिटिप २२ हजार रुपैयाँ मात्रै रहेको गंगाश्री सप्लाइ कम्पनीले जनाएको छ ।

यसअघि बालुवाको मूल्य प्रतिटिप ३३ हजार र गिटीको मूल्य २५ हजार रहेकामा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा देखिएको मन्दीका कारण मूल्य घटेको कम्पनीले जनाएको छ । यो मूल्य काभ्रे र सिन्धुपाल्चोकबाट काठमाडौंसम्मको ढुवानीसहितको हो ।

निर्माणको अन्य महत्वपूर्ण कच्चा पदार्थहरु सिमेन्ट र छडको व्यापारमा पनि केही सुधार देखिएको छ । फवासिन सिमेन्टका उपमहाप्रबन्धक डिल्लीराज पोखरेलका अनुसार अहिले बजारमा सिमेन्टको मागमा केही सुधार भएको छ ।

यसअघि लगानीयोग्य रकम अभावमा बजारमा निकै खस्केको व्यापारमा केही सुधार भएपनि उल्लख्य भने नभएको उनले बताए । 'निर्माणले मौसम भएका कारण केही बिक्री बढेको छ,' उनले भने 'तर, जुन मात्रामा वृद्धि हुनु पर्ने हो, त्यो छैन ।'

चेन हार्डवेयर व्यवसाय राजेश हार्डवेयरकाअनुसार विगतको दुई महिनाको तुलनामा फलामे छड र सिमेन्टको व्यापारमा केही सुधार देखिएको छ । मानिसहरुले सिमेन्ट र फलामको मागलाई बढाउँदा बजारमा यी वस्तुको मूल्य पनि बढेको राजेश हार्डवेयरले जनाएको छ ।

अहिले बजारमा फलामे छडको मूल्य प्रतिलिकिलो ११६ रुपैयाँ छ । डेढ महिनाअघिसम्म प्रतिकिलो १०९ रुपैयाँ रहेको छडको मूल्य बजारमा माग बढेसंगै मूल्यमा पनि केही वृद्धि भएको हो ।

यस्तै अहिले सिमेन्टको माग पनि बढेको छ । केही समययता ओपीसी र पीपीसी दुवै सिमेन्टको माग बढिरहेको बजारमा औसत ओपीसी सिमेन्टको मूल्य ७२० रुपैयाँ र पीपीसी सिमेन्टको मूल्य ६२० रुपैयाँसम्म छ । निर्माण सामाग्री व्यापारसंघकाअनुसार ब्राण्ड र उत्पादक कम्पनीअनुसार फरक फरक मूल्य भएका कारण सिमेन्टको बजारमा मूल्य पनि केही तलमाथि हुनसक्ने छ ।

संघका अध्यक्ष मानिकरत्न तुलाधरअनुसार निर्वाचनपछि निर्माण सामाग्रीको व्यापार बजारमा सुधार आएको छ । बजारको नियमानुसार माग बढेपछि केही मूल्य भने बढेको हुनसक्ने तुलाधरले बताए ।

'अहिले बजारमा व्यापार बढिसकेको छ । निजी र सरकारी प्रोजेक्टमा काम भइरहेको छ, केही प्रजेक्टमा समस्या छ,' उनले भने 'सरकारले समयमै भुक्तानी नगर्दा केहीमा समस्या भएको हुनसक्छ ।'

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंह क्रसर बन्द राखिए अब फेरि निर्माण उद्योग पुरानै अवस्थामा फर्किने जोखिम रहेको बताउँछन् । त्यसैले निर्माणमैत्री वातावरण बनाउन सरकारले तत्कालै निर्णायक भूमिका खेल्नुपर्ने बताउँछन् ।

'वैध रुपमा व्यवसाय गर्न दिने गरी वातावरण बनाएर ढुंगा, गिट्टी र बालुवाको आपूर्ति सहज गर्नुपर्छ,' उनी भन्छन्,'हैन भने निर्माण व्यवसाय थप धरासायी हुन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'प्रसाद २' मा फेरि लफडा

## कोरस डान्सर ढल्दा पनि बेवास्ता गरेको आरोप



पोखरा/सुरुवाती समयदेखि नै पटकपटक विवादित हुँदा छायांकन समेत प्रभावित बन्दै आएको फिल्म 'प्रसाद २' मा फेरि लफडा भएको छ । कास्कीको माछापुच्छ्रे गाउँपालिकामा भएको सुटिङमा एक जना कोरस डान्सर ढलेपछि पनि निर्माता युनिटले बेवास्ता गरेको भन्दै अहिले विवादित बनेको छ ।

केही दिनअघि आफूलाई सामाजिक अभियानका रुपमा चिनाउँदै आएकी गिभिना मगरले सामाजिक सञ्जाल टिकटकमा एक भिडियो पोस्ट गर्दै सपना महर्जन नामकी कोरस डान्सर सुटिङ युनिटमै ढल्दा पनि समयमै अस्पताल नपुर्‍याउँदा एउटा हात र खुट्टा नचल्ने अवस्थामा पुगेको दाबी गरेकी छन् ।

'प्रसाद २ को जुन पनि डाइरेक्टर, आदरणीय प्रोड्युसर केकी अधिकारीजी, विपिन दाइ जति पनि हुनुहुन्थ्यो, उहाँहरुले सायद मानवतामा हुनुपर्ने, एउटा सहयोगी भावना राखेर नानीलाई हस्पिटल पुर्‍याउनुपर्ने ठाउँमा कुनै पनि वास्ता गर्नुभएन,' टिकटक भिडियोमा गिभिनाले भनेकी छन्,' जसको कारणले नानु बेलैमा हस्पिटल नआइपुग्दा एउटा हात र खुट्टा नचल्ने अवस्थामा पुगेको छ । उहाँहरु यतिधेरै विज्ञ हुनुहुन्छ । थोरै पनि सपनाप्रति दयामाया पलाएन, एकदमै चिन्तित छु ।'

दुई दिनअगाडि राखेको उक्त भिडियोमा गिभिनाले कोरस डान्सर सपनासँगै नृत्य गरेकी अर्की कलाकारलाई 'के भएको थियो ? भनेर प्रश्न सोध्छिन् ।

जवाफमा उनी भन्छिन्, 'खाना चाहिं टाइममा भएन । कतिले भोक लाग्यो, भोक लाग्यो' बिहानको खाजापछि डाइरेक्ट ३ बजे चियाबिस्कुट दियो, त्यसले हामीलाई 'त्यो दिन हामी कति नाच्यौं । साढे ७ बाट नाचेर, बिहानको खाना पछि बेलुका साढे ५ बजे खा'को हामीले । लाइन भएर त्यस्तै ६ बजेको थियो के । सायद कोरस भनेर यतिसम्म भयो कि रेस्ट पनि पाएनौं, झ्याउ नै भइसकेको थियो ।'

गिभिनाले टिकटकमा राखेको उक्त भिडियो अहिले भाइरल छ । कमेन्टमा निर्माता युनिटप्रति खनिएका छन् । उनीहरुले फिल्म बहिस्कारदेखि निर्माण युनिटलाई कारवाही गर्नुपर्ने माग राखेका छन् । एक महिनाअघिबाट छायांकन सुरु भएको फिल्म पुस ३० मा सकिएको थियो ।

सामाजिक सञ्जालमा फिल्म प्रसाद २ को बहिष्कार अभियानै चलाएपछि निर्माण पक्षले आइतबार पोखरामा पत्रकार सम्मेलन गरेर आरोपको खण्डन गरेको छ । पत्रकार सम्मेलनमा कलाकार निर्देशक सुदर्शन थापा, प्रकाश घिमिरे र प्रत्यक्षदर्शी केही कोरस डान्सर उपस्थित थिए ।

निर्माण पक्षका अनुसार 'प्रसाद २' को एउटा गीतको छायांकनका लागि पोखराबाट ९ जना डान्सर लगिएको थियो । तीनैमध्येकी सपना महर्जनले आफू ढल्दासमेत निर्माण पक्षले बेवास्ता गरेको आरोप लगाएकी थिइन् ।

निर्देशक सुदर्शन थापाले फिल्म असफल बनाउन गम्भीर आरोप लगाएको दाबी गरेका छन् । उनले कोरस डान्सर सपनाको उपचारका लागि टिमले सक्दो सहयोग गरिरहेको दाबी गरे । उनले सुटिङका क्रममा सपनाको स्वास्थ्य अवस्था ठीक रहेको समेत जिकिर गरे ।

'सपना बहिनीको स्वास्थ्य अवस्था सुटिङको समयसम्म ठीक थियो । सुटिङ सकेर प्याकअप गरिसकेपछि हामी सबै बसोबास गरिरहेको होमस्टेतर्फ लाग्यौं । बेलुका खाना खाइसकेपछि डान्सर बहिनीहरु आफू बसिरहेको होमस्टेमा रमाइलो गर्नुभएको रहेछ,' निर्देशक थापाले भने, 'जहाँ नाच्ने गाउने कार्यक्रम पनि भइरहेको थियो । सोही क्रममा बहिनी सपना महर्जन अचानक ढल्नुभएछ ।'

सपनासँगै रहेका अन्य साथीहरुले उनको स्वास्थ्य बिग्रिएको बारे निर्माण पक्षलाई जानकारी दिएपछि चिसोको कारण आशंका गर्दै तेल लगाइदिएको र त्यसपछि पोखरा पठाइएको सुनाए ।

'सपना बहिनीको स्वास्थ्य अवस्थाको विषयमा जानकारी पाएपछि कलाकार प्रकाश घिमिरे दाइले नै चिसोका कारण होला भन्दै तेल तताउन लगाएर मालिस गर्न लगाउनुभयो,' निर्देशक थापाले भने, 'त्यति गर्दा पनि ठीक नभएपछि राति नै चलचित्रकै टिमले गाडीको व्यवस्था गरेर उपचारका लागि पोखरा पठाएको थियो । अनि कसरी चलचित्र टिमले वास्ता गरेन भन्ने हुन्छ ?'

कलाकार प्रकाश घिमिरेले आफू पनि घटनाको प्रत्यक्षदर्शी रहेको बताए । 'म आफैं प्रत्यक्ष त्यहाँ उपस्थित छु । हामीले नै कोर्डिनेसन गर्दै सपना बहिनीलाई उपचारका लागि पोखरा पठाएका छौं । अनि कसरी चलचित्र टिमले केही गरेन भन्ने कुरा आयो । मलाई अचम्म लाग्यो,' उनले भने ।

सपनासँगै नृत्य गरेकी एलिसा तामाङले सपनामा पहिलेदेखि नै स्वास्थ्य समस्या रहेको दाबी गरिन् । उनले सपनाले एक्कासी टाउको दुखेको भन्दै बान्ता गर्न थालेको सुनाइन् ।

आगमी वैशाख १ गते रिलिज गर्ने योजना रहेको प्रसाद २ मा विपिन कार्की, केकी अधिकारी, अर्पण थापा, प्रकाश घिमिरे लगायत कलाकारको अभिनय छ । फिल्म जातीय विभेदविरुद्ध सन्देश बोकेको कलाकार घिमिरेले जानकारी दिए ।

सुरुमा फिल्ममा अभिनेत्री नम्रता श्रेष्ठ, राज कटुवाल अनुबन्धित भएका थिए । तर बीचमा उनीहरुले फिल्म छाडेपछि केकी अधिकारी जोडिएकी हुन् । यसअघि पनि फिल्मका कलाकारका पारिश्रमिकको विषयमा विवाद भएपछि सुटिङस्थल पुगिसकेको काठमाडौं फर्किनु परेको थियो । फिल्म सुटिङका दौरान विवाद बढ्दै गएपछि निर्माता सुवास थापाले मध्यस्थताको भूमिका निभाइदिन चलचित्र निर्माता संघमा उजुरी नै दिएका थिए ।

# निर्वाचन आयोगलाई बुझाइने अधिकांश खर्च विवरण झुटो

वीरगञ्ज/मंसिर ४ गतेको चुनावलाई लक्षित गरेर अघिल्लो दिन राति १० बजे वीरगञ्ज-१५ लक्ष्मणवामा डेढ क्वीटल मासु वितरण भयो । ४ जनाको परिवार लाई १ किलो खसीको मासु, ५ भन्दा माथि सदस्य हुँदा प्रतिव्यक्ति १ पाउ थप गरिएको थियो ।

पर्सा क्षेत्र नं. १ का एक जना उम्मेदवारका लागि मत माग्दै १५० परिवारलाई घर-घरमा मासु न्याइएको थियो । गोविन्द देवलाई पूजा गर्ने समुदाय बसोबास गर्ने उक्त टोलमा कुखुरा नचल्ने हुँदा खसीकै मासुको प्रबन्ध गरिएको थियो । त्यो दिन खसीको मासुको मूल्य १ हजार देखि ११०० रुपैयाँ प्रतिकिलो थियो ।

वीरगञ्ज-१६ नगवामा पनि मंसिर ३ गते अपराह्न कुखुराको मासु वितरण गरियो । २० वटा घरमा १ किलो २५० ग्रामका दरले मासु दिइएको थियो । त्यसदिन कुखुराको मासु खुद्रामा ३३० रुपैयाँ प्रतिकिलो चलिरहेको थियो । ठूलो परिमाणमा बिक्री गर्दा ३०० रुपैयाँ प्रतिकिलोमा दिएको व्यवसायी बताउँछन् ।

माछा-मासु व्यवसायी संघ पर्साका उपाध्यक्ष मुन्ना मिया चुनावमा कुखुराको मासु बढी बिक्री हुने गरेको बताउँछन् । 'स्थानीय तहको निर्वाचनमा जस्तो संघको चुनावमा मासु बिक्री त भएन' उनले भने 'उम्मेदवारले गाउँमा भोज गर्दा सोही गाउँकै पोल्ट्री फर्मबाट कुखुरा लगेर भोज लगाए ।'

परवानीपुर वडा नं ५ मा १० जनालाई जागिर लगाइदिने प्रलोभन दिएर भोट मागिएको थियो । मिडियामा आफ्नो पक्षमा जनलहर आएको भनी एकपक्षीय समाचार प्रवाह गर्न लगाइएको थियो । त्यस्ता समाचारलाई सामाजिक सञ्जालमा 'बुष्ट' गरिएको थियो ।

यी केही प्रतिनिधिमूलक घटना मात्रै हुन्, मौन अवधिमा मतदातालाई प्रभावित पार्न अनेक प्रपञ्च रचिएको छ । मतदान हुनुअघिको अन्तिम ४८ घण्टालाई स्थिर वा मौन अवधि भनिन्छ । मतदातालाई सोचेर मत जाहेर गर्ने अवसर दिन स्थिर वा मौन अवधिको परिकल्पना गरिएको हो । तसर्थ यो ४८ घण्टामा सबै खालका चुनावी प्रचारप्रसारलाई निषेधित गरिन्छ ।

तर मंसिर ४ गते सम्पन्न प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनमा मौन अवधिको दुरुपयोग गरेको घटना प्रशस्त भेटिए । उम्मेदवारले मतदातालाई लोभ्याउन भोजभतेर गर्ने, माछामासु बाँड्ने, पैसा वितरण गर्ने, जागिरको प्रलोभन दिने मात्रै नभएर फ्रि भिसा, फ्रि टिकटमा विदेश पठाइदिनेसम्मका आश्वासन दिएको पाइयो ।

यस्ता गलत अभ्यासलाई निरुत्साहित गर्न निर्वाचन आयोग, आचारसंहिता अनुगमन समिति, स्थानीय प्रशासन र राजनीतिक दल सबैको भूमिका कमजोर देखियो । वडा अध्यक्ष, गाउँपालिका अध्यक्षमार्फत समेत पैसा वितरण भएको त सरोकारवाला निकाय मौन बसेको स्थानीय बताउँछन् ।

निर्वाचन कसुर तथा सजाय ऐन २०७३ को धारा २४(५) ले कसैले पनि मतदान हुने दिनभन्दा ४८ घण्टा अघिबाट मतगणनाको काम पूरा नभएसम्म कुनै दल वा उम्मेदवारको पक्ष-विपक्षमा प्रचार प्रसार गर्ने वा गराएमा २५ हजार रुपैयाँसम्म जरिवाना गर्ने व्यवस्था गरेको छ । तर पर्सामा कसैलाई पनि आचारसंहिता उल्लंघन गरेबापत जरिवाना गराएको घटना सार्वजनिक भएन । के पर्सामा आचारसंहिताको पूर्ण पालना गरेर नै चुनाव सम्पन्न भयो त ? आचारसंहिताले तोके अनुसार नै उम्मेदवारले खर्च गरे त ? माथिका उदाहरण यसको जवाफ हुन् ।

निर्वाचन आयोगले मतदाताको संख्यालाई ६० प्रतिशत, मतदान केन्द्र संख्या र निर्वाचन क्षेत्रले ओगटेको क्षेत्रफललाई २०/२० प्रतिशत भार दिएर खर्चको सीमा निर्धारण गरेको थियो । यसको आधारमा एउटा निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारले २५ लाखदेखि २७ लाखसम्म र प्रदेश सभा सदस्यले १५ लाखदेखि २३ लाखसम्म खर्च गर्न सक्ने भनिएको थियो ।

आयोगले मतदाता नामावली खरिद, प्रचारप्रसार सामग्री, गोष्ठी तथा अन्तरक्रिया, छापा एवं विद्युतीय माध्यम (सामाजिक सञ्जाल समेत)मा, कार्यालय सञ्चालन र प्रतिनिधि परिचालन, सवारी साधन, ढुवानी र अन्य प्रचारप्रसार गरी आठवटा शीर्षकमा मात्रै चुनावी खर्च गर्न पाइने भनेको थियो । तर दलहरूले मतदातालाई प्रभावित पार्नका लागि 'त्योभन्दा बाहिरको शीर्षक' रोजे र पैसा खर्च गरे ।

स्वयं उम्मेदवार निर्वाचन आयोगले तोकेको सीमाभन्दा बढी पैसा खर्च हुने गरेको बताउँछन् । उनीहरूले निर्वाचन आयोगमा पेश गर्न एउटा विवरण तयार गरेका छन् भने खर्च अपारदर्शी छ ।

आयोगमा खर्च विवरण पेश गर्दा बिल भर्पाईसहित पेश गर्नुपर्ने र सीमा तोकिएकोले भएजति खर्च देखाउन नसक्ने अवस्था छ । गाउँमा मतदाता सचेतना गराउँदा, कार्यकर्ता परिचालन गर्दा खुवाइएको नास्ताको बिलहरू जुटाउन नै मुस्किल हुने कतिपय उम्मेदवारको तर्क छ ।

मत परिणाम आफ्नो पक्षमा पार्न विशेषगरी पछि परेका, दलित, विपन्न, सीमान्तकृत समुदाय, अशिक्षित मानिसहरू बसोबास रहेका क्षेत्रमा भोजभतेर गर्ने, माछामासु घर-घरमा न्याउनेदेखि पैसा बाँड्ने जस्ता विकृति यसपटकको चुनावमा पनि देखिएको छ । कार्यकर्ता परिचालन गर्दा उनीहरूको खाना, नास्ता, पेट्रोल लगायतमा खर्च हुने गरेको उम्मेदवारहरू बताउँछन् ।

वीरगञ्ज-२२ मनियारीका दलित अगुवा बुनेल राम चुनावमा दलित, सीमान्तकृत समुदायका मतदातालाई प्रभावित पार्ने प्रवृत्ति मौलाउँदै गएको बताउँछन् । 'उम्मेदवारका मान्छे घर-घरमा जान्छन् । मासु, दारु, पैसा मात्रै हैन धाकधम्की दिन्छन्, डर-त्रास देखाउँछन्' उनले भने, 'दलित समुदायकोमा गएर चुनावमा यस्तो गतिविधि गर्ने गलत प्रवृत्ति कायमै छ । नयाँ कानुन नआएसम्म वा पूर्ण समानुपातिक पद्धतिमा नजाँदासम्म यो समस्या रहन्छ ।'

एक जना मतदाताले पाँच वटासम्म उम्मेदवारसँग रकम लिएको तर भोट आफ्नो तरिकाले हाल्ने गरेको उनी बताउँछन् । सामाजिक अभियन्ता प्रकाश थारू पनि चुनावमा उम्मेदवारले व्यापक खर्च गरेको बताउँछन् । निर्वाचनको पर्यवेक्षणमा समेत खटिएका उनले रक्सी, मासु, गाडी, साउण्ड सिस्टम बजाउन, कार्यकर्ता परिचालन गर्न मात्रै नभएर समूह-समूहलाई लाख, डेढ लाखको भाँडाकुँडा किनेर दिने, टेन्ट, प्लाष्टिकको कुर्सी खरिद गरेर दिनेसम्मका कार्य भएको बताउँछन् ।

*(अनलाइनखबरबाट)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# सिद्धार्थ माविले मनायो ४७ औं वार्षिकोत्सव

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ सिद्धार्थ माध्यमिक विद्यालयले विभिन्न कार्यक्रम गरेर ४७ औं वार्षिकोत्सव मनाएको छ ।

हेटौंडा-२ स्थित विद्यालयले माघ ६ गतेदेखि विभिन्न कार्यक्रम गरेर ४७ औं वार्षिकोत्सव मनाएको हो । माघ ५, ६ र ७ गते अतिरिक्त कार्यक्रम गरेको विद्यालयले सोमबार वार्षिकोत्सव समापन गरेको छ । हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मिनाकुमारी लामाको प्रमुख आतिथ्यता तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष बलराम घिमिरेको सभाध्यक्षतामा समापन कार्यक्रम भएको थियो ।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि नगरप्रमुख लामाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार हुँदै आएको भन्दै गुणस्तर सुधार्न सबै लाग्नुपर्ने बताइन् । उनले नगर पालिकाको शैक्षिक सुधार कार्यक्रममा सिद्धार्थ माध्यमिक विद्यालयले खेलेको भूमिकाको प्रसंशा गरिन् । कार्यक्रममा २०७८ सालको वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय भएका र विद्यालयले सञ्चालन गरेका अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो ।

विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले विद्यालयको प्रगति विवरण प्रस्तुत गरेका थिए । कार्यक्रममा विद्यालयले त्रैमासिकरुपमा प्रकाशन गरेको सिद्धार्थ बाल बाटिकाको बिमोचन गरिएको थियो । कार्यक्रममा गत शैक्षिक सत्रमा विद्यालय सञ्चालन भएको मितिमा सबैभन्दा बढी उपस्थिति हुने शिक्षिका सृजना शर्मा र विद्यालयकी कर्मचारी लक्ष्मी न्यौपानेलाई नगदसहित कदरपत्रले सम्मान गरिएको थियो ।

कार्यक्रममा विज्ञान प्रदर्शनी, चित्रकला प्रदर्शनी, दुना टपरी प्रदर्शनी र खाना महोत्सवको आयोजना गरिएको थियो । कक्षा-८ को पेशा विषयअन्तर्गत् आयोजना गरिएको खाना महोत्सवमा प्रमुख अतिथि र अतिथिहरूको समेत सहभागिता थियो ।

कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका प्रवक्ता तथा वडा नम्बर १ का वडाध्यक्ष सविन न्यौपाने, वडा नम्बर २ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, हेटौंडा उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, शिक्षा समन्वय इकाई मकवानपुरका प्रमुख दिनानाथ गौतम, राष्ट्रिय परीक्षा बोर्डका प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमाल, २ नम्बर वडा सदस्य सुरज बर्तौला, इन्द्रप्रसाद रिजाल, मैया परियार, विद्यालय व्यवस्थापन समिति निवर्तमान अध्यक्ष मधु बजगाईँ, विद्यालय व्यवस्थापन समिति सदस्यहरु ज्ञानु परियार, रामचन्द्र बर्तौला, पिताम्बर बास्तोला, सरिता दाहाल, लक्ष्मी श्रेष्ठ, पूर्व प्रधानाध्यापक, विद्यालयका सहायक प्रधानाध्यापक सागरप्रसाद खतिवडा, रामशरण अधिकारी, दश जोड दुई संयोजक गणेशप्रसाद हुमागाईलगायत शिक्षक अभिभावकहरुको सहभागिता थियो ।

# सोनाम ल्होछारमा प्रदेश प्रमुखको शुभकामना



साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/ बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले तामाङ समुदायको नयाँ वर्ष सोनाम ल्होछार २५८९ को अवसरमा शुभकामना व्यक्त गरेका छन् ।

प्रदेश प्रमुख शर्माले आइतबार एक सन्देश जारी गर्दै तामाङ समुदायको नयाँ वर्ष सोनाम ल्होछार २५८९ को अवसरमा शुभकामना व्यक्त गरेका हुन् । यस पर्वले सबै नेपालीहरुमा सुख, शान्ति र समृद्धि अभिबृद्धि हुन सकोस् भन्ने शुभकामना उनले दिएका छन् । 'सोनाम ल्होछार तामाङ समुदायमा नयाँ वर्षको रुपमा धुमधामका साथ मनाइने पर्व भएको प्रमुख शर्माको शुभकामना सन्देशमा उल्लेख छ ।

प्रदेश प्रमुख शर्माको शुभकामनामा भनिएको छ- 'नव वर्ष आरम्भको यस सुखद् घडीमा ल्होसार पर्व मनाउने समुदायका स्वदेश-विदेशमा रहनुहुने दाजुभाइ, दिदीबहिनी तथा सम्पूर्ण नेपालीहरुप्रति सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।' उनले विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवम् बन्धुत्व र पारस्परिक मेलमिलाप नै हाम्रो समाजको मूल चरित्र भएको बताउँदै हाम्रा यस्ता राष्ट्रिय धरोहरप्रति हामी सबैले गौरवबोध गर्न सक्नुपर्ने बताए ।

# ल्होछारमा बैकुण्ठमा साँस्कृतिक मेला

साझाकुरा संवाददाता

हेटौंडा, ८ माघ/तामाङ समुदायको नयाँ वर्ष अर्थात् सोनाम ल्होछारमा कैलाश गाउँपालिकामा साँस्कृतिक मेला लागेको छ ।

आइतबार परेको सोनाम ल्होछारको अवसरमा मकवानपुरको कैलाश गाउँपालिकाको डाँफेमुनाल पार्क बैकुण्ठमा पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले ल्होसार साँस्कृतिक मेला लागेको हो । कैलाश गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले मेलाको उद्घाटन गरेका थिए । ग्रामीण पर्यटनको विकास, स्थानीय तामाङ समुदायको सँस्कृतिको जगेर्ना, भाषा, भेषभुषा र कलाको संरक्षणमा मद्दत पुऱ्याउने उद्देश्यले मेला आयोजना गरिएको उनले बताए । डाँफेमुनाल पार्कलाई अझ आकर्षक पर्यटकीय केन्द्रको रूपमा विकास गरिने उनले बताए ।




मेला समारोहमा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले कैलाशको पर्यटन विकासका लागि मनहरी गाउँपालिकाले सहकार्य गर्ने बताए । धादिङको बेनिघाट रोराङ गाउँपालिकाका अध्यक्ष विवेक थपलियाले कैलाशको पर्यटकीय क्षेत्रलाई मद्दत पुग्नेगरी आफ्नो पालिकामा पर्यटकीय क्षेत्र बनाउन एक करोड रूपैयाँ विनियोजन गर्ने बताए ।

कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल, वडाध्यक्षहरु तेजबहादुर ब्लोन, उदासकुमार भ्लोन, सूर्यबहादुर ब्लोन, भुवनसिं घलान, देवलाल बल लगायतको उपस्थिति थियो । कार्यक्रम वडा नम्वर २ का अध्यक्ष राजेन्द्र घिसिङको अध्यक्षतामा भएको थियो । मेलाकै अवसरमा भाइरल पिङको उद्घाटन समेत गरिएको थियो । कैलाश गाउँपालिकाको आर्थिक सहयोगमा डाँफेमुनाल पार्कमा १५ लाख रूपैंयाको लागतमा पिङ निर्माण गरिएको थियो । साँस्कृतिक मेलामा गायिकाहरू रजनी लामा, प्रतिमा अर्याल, सुमन थापामगर, लोक गायक रामकुमार नेपाली, श्याम राना, सेलो गायक योगेश लामाले प्रस्तुति दिएका थिए ।

यसैगरी कलाकार राजुमान रूम्बाले क्यारिकेचर प्रस्तुत गरेका थिए । मेलामा स्थानीय तामाङ समुदायको संस्कार र सँस्कृतिसँग सम्बन्धित लामा, बोम्बो, लब्तावालगायत झाँकीहरुको प्रस्तुतिसमेत गरिएको थियो । तामाङ समुदायको सबैभन्दा ठूलो साँस्कृतिक पर्व २८५९ औं सोनाम ल्होछार २०७९ ह्योई ल्हो (बिरालो वर्ग) को अवसरमा तामाङ समुदायको बाहुल्यता रहेको बैकुण्ठमा पहिलोपटक मेला भएको हो । यसवर्ष बाघ वर्षलाई बिदाइ गर्दै बिरालो वर्षलाई स्वागत गर्दै ल्होछार मनाइएको छ ।


# भीरबाट लडेर एकको मृत्यु

हेटौंडा, ८ माघ/ मकवानपुरमा भीरबाट लडेर एक जनाको मृत्यु भएको छ ।

मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर ३ भुटीभकारीकी १८ वर्षीया युवतीको भीरबाट लडेर मृत्यु भएको हो । मृत्यु हुनेमा १८ वर्षकी रेखामाया थोकर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले बताएको छ ।

# प्रधानमन्त्रीको सचिवालयमा ७ जनाको नियुक्ति

काठमाडौं, ८ माघ/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो स्वकीय सचिवालयमा ७ जनाको नियुक्ति गरेका छन् ।



प्रधानमन्त्रीको प्रमुख स्वकीय सचिवमा सन्तकुमार दरै नियुक्त भएका छन् । माओवादी केन्द्रको पोलिटब्यूरो सदस्य समेत रहेका उनी दोस्रो संविधानसभा सदस्य थिए । उनी तत्कालीन माओवादी सेनाको डिभिजन कमान्डर समेत हुन् ।

प्रधानमन्त्रीको स्वकीय सचिवमा भने रमेश मल्ल र गंगा दाहाल नियुक्त भएका छन् । उनीहरु यसअघि पनि खुमलटारमा प्रचण्डको स्वकीय सचिवका रुपमा कार्यरत थिए । मल्ल र दाहाल माओवादी केन्द्रको केन्द्रीय सदस्य छन् ।

त्यस्तै स्वकीय सहसचिवका रुपमा सूर्यकिरण शर्मा, मनहरि तिमिल्सिना, गोर्कण भट्ट र शिव खकुरेलले नियुक्ति पाएका छन्। शर्माले प्रेस संयोजकको जिम्मेवारी पाएका छन् । उनी यसअघि पनि प्रचण्डको प्रेस संयोजक थिए । उनी माओवादी केन्द्र निकट प्रेस सेन्टरका उपाध्यक्ष समेत हुन् ।

तिमिल्सिना भने प्रेस विज्ञको रुपमा नियुक्त भएका छन् । उनले यसअघि केही समय प्रचण्डको सचिवालयमा काम गरेका थिए ।

प्रचण्डको स्वकीय सचिवालयले पूर्णता पाउन अझै बाँकी छ । प्रधानमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार, परराष्ट्र सल्लाहकार, जनसम्पर्क विज्ञ र आइटी विज्ञलगायत पदमा नियुक्ति गर्न बाँकी छ । प्रमुख सल्लाहकारमा प्रचण्डले यसअघि पार्टीका उपमहासचिव हरिबोल गजुरेललाई प्रस्ताव गरेका थिए । तर, उनले पार्टीको जिम्मेवारी दिन आग्रह गरेका थिए ।

पदाधिकारी वा स्थायी समिति सदस्यहरुमध्यबाट एक जनालाई प्रमुख राजनीतिक सल्लाहकार नियुक्त गरिने चर्चा माओवादी वृत्तमा छ । त्यस्तै बाँकी अन्य पदहरुमा पनि विज्ञता हेरेर विस्तारै नियुक्ति गरिने बालुवाटार स्रोतले बतायो ।

# सिसुवार क्षेत्रमा मृत गैंडा फेला

चितवन, ८ माघ/ चितवन राष्ट्रिय निकुञ्जको सिसुवार क्षेत्रमा एक गैंडाको बच्चा मृत फेला परेको छ । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार मेघौली क्षेत्रको नारायणी नदीको किनारमा एक महिनाको गैंडाको बच्चा शनिबार मृत फेला परेको हो ।

गैंडाको बच्चा प्राकृतिक कारणले मरेको उनको दावी छ । 'गैंडाको बच्चा मरेको अवस्थामा भेटिँदा माउ पनि सँगसँगै थियो, मरेको बच्चाको माया लागेर होला साथ छाडेको थिएन' सूचना अधिकारी तिवारीले भने, 'हाम्रो टोली घटनास्थलमा पुगेपछि छाड्यो ।'

बच्चा गैंडा के कारणले मरेको हो भनेर पोष्टमार्टम रिपोर्ट आएपछि मात्रै थाहा हुने बताए ।

निकुञ्जको कावासोती क्षेत्रमा माघ ६ गते गैंडाका आमाछोरा तस्करहरूले मारेको पर्सिपल्ट नै गैंडाको बच्चा मरेको हो । चालू आर्थिक वर्षमा योसहित ११ गैंडा मरेका छन् । ती मध्ये ३ गैंडा चोरी शिकारीले मारेका हुन् ।

# 'दुर्घटनाबाट पाइलटले पाठ सिक्दै मनोबल उच्च राख्छन्'

काठमाडौं, ८ माघ/१ माघमा पोखरामा भएको जहाज दुर्घटनापछि हवाई यात्रा गर्ने यात्रुको संख्या केही घटेको छ । वायुसेवा कम्पनीहरुका अनुसार यस्तो प्रभाव सबै वायुसेवा कम्पनीका यात्रुमा परेको छ ।

दुर्घटनापछि यात्रुको मानसिकतामा पर्ने प्रभावले यस्तो हुने गरेको छ । अन्तराष्ट्रिय सन्दर्भहरु पनि यसमा कारक हुन्छन् । नेपालमा हवाई दुर्घटना भएकै साता युक्रेनमा हेलिकप्टर दुर्घटनामा परी गृहमन्त्री सहित १८ जनाको ज्यान गएको थियो । धेरैलाई लाग्छ यस्ता दुर्घटनाले विमान चालक (पाइलट)हरुलाई पनि मानसिक रुपमा प्रभाव परेको हुनसक्छ ।

तर, बुद्ध एयरका क्याप्टेन प्रमोदकुमार थापाका अनुसार सामान्यतया जहाज दुर्घटनाहरुले पाइलटको मनोबल घटाउने गरी प्रभाव पर्दैन । हरेक पाइलट उच्च गुणतस्तरको तालिम लिएर अभ्यस्त भएपछि मात्र ककपिटको कमाण्डमा पुग्ने गरेको भन्दै उनले आफूमाथिको विश्वासका कारण दुर्घटनाहरुले पाइलटको मनोबलमा कुनै असर नगर्ने उनको भनाइ छ ।



'सबै जना पाइलट राम्रो तालिम पाएकाहरु हुन्छन्, आफ्नो क्षमतामा सबै आत्मविश्वासी हुन्छन्,' उनले भने,'यस्ता घटनाले मनोबल कम हुँदैन ।'

पाइलटहरुलाई आफ्नो पेशा र जिम्मेवारीबारे राम्रोसँग बोध हुने भन्दै उनले तालिम र अनुभवले पनि पाइलटहरुको आत्मबल बढाइर हने बताए । तर, कुनै पनि घटना अन्य पाइलटहरुका लागि भने सिकाइ हुने उनको भनाइ छ ।

'कुनै कतै घटना भइहाल्यो भने त्यसबाट हामीले पनि सिक्छौं,' उनले भने, 'त्यसलाई तालिमको विषयवस्तुमा समावेश गर्छौं र कमी कमजोर भए सुधारमा लाग्छौं ।'

वायुसेवा कम्पनीहरुले तालिम र जनशक्ति विकासमा ठूलो रकम खर्च गर्ने गरेको र त्यसको उद्देश्य हवाई सेवालाई सुरक्षित बनाउनु भएको बुद्ध एयरका प्रवन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले बताए ।

उनका अनुसार हवाई सुरक्षा अभिवृद्धि गर्न कम्पनीहरुले निरन्तर नेपाल नागरिक उड्डयन प्राधिकरणसँग सहकार्य गर्दै काम गर्छन् । प्राधिकरणले तोकेको मापदण्ड पुरा गर्दै हुने उडानले उड्डयन सुरक्षा मजबुत गराउने उनको भनाइ छ ।

उनका अनुसार पोखरामा यतीको जहाज दुर्घटनालगत्तै बुद्धले आफ्ना सबै कर्मचारीसँग बैठक बसी घटनाबारे जानकारी गराएको थियो । 'यस्तो बेला ढाडस पनि दिनु पर्छ, उनले भने, 'त्यसपछि यो घटना यसरी भए होला भन्ने बारे छलफल गऱ्यौं, कतिपय विषय बाहिर ल्याउन मिल्दैन ।'

पोखरा दुर्घटना पाठ भएको भन्दै गल्ती छन् भने निरन्तर सुधार गर्ने उनले बताए ।

## विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं ।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापनबोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापनएजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको सेवा शुल्कखलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चार माध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

अब प्रत्येक दिन
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा २४ सै घण्टा
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
हेटौडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरूमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
हेटौंडा सिटी हस्पिटल प्रा.लि.
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी
मेरिना ड्राई क्लिनिङ्ग स्पोट
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## राक्सिराङ्ग गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर
बागमती प्रदेश, नेपाल

### ठेक्का स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०७९/१०/०९

यस कार्यालयद्वारा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुमध्ये न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३(संशोधन सहित) को दफा २७ को (उपदफा) २ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल:**

| सि.नं. | ठेक्का विवरण | बोलपत्र दाताको नाम | कबोल रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | PRO/RAK/NCB/03–79/80 "JalpariJharna Paryatan Chhetra Bikash" | M/S Santra Construction Pvt.Ltd., Thapathali, Kathmandu | रु.१,३६,८३,९३०.७४/- |

-प्रमुख प्रशासकीय अधिकृत

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना